# कृषि अनुसन्धान केन्द्र

# पाखीबास

# शैक्षिक भ्रमण

मिति: २०८१/०९/१५

प्रतिवेदक:

बी.एड. तेस्रो वर्ष

कृषि अनुसन्धान केन्द्र, पाख्रीबासको शैक्षिक भ्रमण प्रतिवेदन

परिचयः

झापा जिल्लाको बुद्धशान्ति गाउँपालिकामा अवस्थित एक मात्र क्याम्पस सीतारमेश बहुमुखी क्याम्पसमा तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीले कृषि अनुसन्धान केन्द्र पाख्रीबासको एक दिने शैक्षिक भ्रमण सम्पन्न गरेका थियौं । यही मिति २०८१।०५।१३ गते शनिबारका दिन करिब ३६ जना छात्र छात्रा र आदरणीय शिक्षा दुर्गा रेग्मी र शिक्षिका रजिना बराल सहितको भ्रमण टोलीले भ्रमण सम्पन्न गरेका थियौं ।




शैक्षिक भ्रमणका क्रममा कृषि अनुसन्धान केन्द्र, पाख्रीबासको विस्तृत रुपमा स्थलगत भ्रमण गरि अध्ययन तथा विश्लेषण गर्ने उद्देश्यले यस भ्रमणको आयोजना गरिएको थियो । भ्रमणको आयोजना तथा नेतृत्व गर्ने जिम्मा बी.एड. तेस्रो वर्षको थियो । यात्रा लामो भएका कारण बिहान साढे तीनमा क्याम्पस परिसरमार भेला भई करिब ४ बजे हामी गन्तव्यतर्फ अघि बढ्यौं । नयाँ ठाउँको अवलोकन तथा साथीहरुसँग समय बिताउन पाउँदा सबैको मुहारमा खुसी झल्किएको थियो र सबैजना साथीहरुसाग रमाइला गफ गर्दै, नाँच्दै गाउँदै हामी अघि बढ्यौं । बुधवारे, बिर्तामोड हुँदै केही समयपछि हामी कन्काई माई पुग्यौं । कन्काई माई पुर्वाञ्चलको सबैभन्दा ठूलो नदी हो । यो नदी

जोगमाई नदी, माई, पुवामाई र देउमाई गरी ४ नदी मिसिएर बनेको छ । यस नदीमा विशेषतः हिन्दु धर्मालम्बीहरुमा यो नदी धार्मिक रुपले पनि प्रसिद्ध छ । छठको समयमा पुजा गर्न हजारौं मानिसहरु यहाँ आउँछन् । यो नदी नेपालकै लामो पुल भएको नदीका रुपमा पनि परिचित छ । जसको लम्बाइ ७०२ मिटर रहेको छ ।

माई नदि पार गरि हामी दोमुखा, केर्खा, दमक, उर्लाबारी, पथरी, चिसाङ्ग, बेलबारी, सलकपुर हुँदै इटहरु पुग्यौं । महेन्द्र राजमार्गको करिब ८६ कि.मि. यात्रा पार गरेपछि हामी कोशी राजमार्गतर्फ अघि बढ्यौं । हामी गन्तव्यको लगभग आधा दुरीमा थियौं । इटहरीबाट पाख्रीबास कृषि अनुसन्धान केन्द्र पुग्न करिब ९५ कि.मी. दुरी पार गर्नुपर्ने थियो । इटहरीबाट धरान, भेडेटार हुँदै हामी अघि बढ्यौं । केही समयको यात्रापछि हामी मुलघाट पुग्यौं । छेउमै बगीरहेको तमोर नदीको मनमोहक दृश्य र नदीबाट आएको चिसो हावामा सबैजना केही पलका लागि हरायौं । नदीमा उठेका छालहरु र शिरसिर चलेको बतासले सबैको ध्यान आफुतिर आकर्षित गरिरहेको थियो । तमोर नदी न्याफ्टिङ्का लागि प्रसिद्ध क्षेत्र हो । सिजनल महिनासम्म विभिन्न स्वदेशी तथा विदेशी पर्यटकहरु आउने गरेका छन् । मुलघाटबाट सुरु भएको न्याफ्टिङ् चतरा पुगेर करिब ३४ कि.मि. दुरी पार गरेपछि सकिन्छ ।



खाना खाने समय पनि हुँदै गएको र सबैलाई भोक पनि लागेकाले धनकुटा हिले पुगेर खाना खाने निर्णय गरी हामी बसमा चढ्यौं । सफा आकाशमुनी हिलेको मनमोहक दृश्य नियाल्दै केही समय न्यानो घाममा उभियौं र एउटा होटलमा खाना खाई गन्तव्यतर्फ अघि बढ्यौं । हिलेबाट करिब ५ कि.मि. दुरी पार गरेपछि हामी हाम्रो गन्तव्यमा पुगेका थियौं । करिब १८५ कि.मि. लामो दुरी पार गरि ७ घण्टाको यात्रापछि, हाम्रो भ्रमण टोली पाख्रीबास पुगेको थियो । पाख्रीबासको स्वच्छ र शान्त

वातावरण र त्यहाँको मनमोहक दृश्यले छिनभरमै यात्राको थकाइ मेटिदियो । सबैजना कृषि अनुसन्धान धेन्द्रको अवलोकन गर्न आतुर भएका थियौँ । कृषि अनुसन्धान केन्द्रको गेटबाट भित्र छिर्नसाथ त्यहाँ कार्यरत कर्मचारीले हामीलाई स्वागत गर्नुभयो । सामान्य परितय र भ्रण उद्देश्य जानकारी गराएपछि त्यहाँ कार्यरत एक जना कर्मचारीले हामीलाई त्यस क्षेत्रको बारेमा जानकारी प्रदान गर्नुभयो ।

यस केन्द्रको स्थापना वि.सं. २०२८ मा बेलायत सरकारद्वारा भएको थियो । पाखीबास अनुसन्धान केन्द्रका नामले परिचित यस केन्द्रको मुख्य उद्देश्य कृषकहरुलाई तालिम प्रदान गर्नु तथा कृषिमा आएका समस्याहरुको अध्ययन अनुसन्धान गर्नु रहेको छ । वि.सं २०५५ मा बेलायत सरकारले यो केन्द्र नेपाल सरकारलाई हस्तान्तरण गरे सागै यसको नाम कृषि अनुसन्धान केन्द्र रहन गयो र सोही समयदेखि यस केन्द्रले नेपाल कृषि अनुसन्धान परिषद (NARC) को मातहतमा रहि आफ्नो कार्यहरु सञ्चालन गर्दै आएको कुरा हामीलाई त्यहाँ कार्यरत कर्मचारीले बताउनुभयो । पुर्वाञ्चलको पुरानो अनुसन्धान केन्द्रका रुपमा परिचित यस केन्द्रले ताप्लेजुङ्ग, पाँचथर, इलाम, धनकुटा, तेह्रथुम, भोजपुर, सङ्खुवासभा, खोटाङ्ग, ओखढुङ्गा र सोलोखुम्बु गरी १० वटा जिल्लाहरु समेटी आफ्नो कार्यहरु सञ्चालन गर्दै आएको छ ।



यस केन्द्रको मुख्य उद्देश्य कृषि तथा पशुपालनमा आउने समस्याको अध्ययन तथा अनुसन्धान गरि कृषिमा आधुनिकिकरण गरि कृषकहरुका समस्या समाधान गर्नु रहेको छ । यस केन्द्रले विभिन्न प्रकारका फलफूल तथा अन्न बालीको बिउ उत्पादन तथा विक्री वितरण गर्नेदेखि लिएर चिया, कफी उत्पादन तथा वितरण, कालो बङ्गुर, गिरिराज कुखुरा र खरी जातका बाख्राको उत्पादन तथा बिक्री वितरण, विभिन्न प्रकारका बोटविरुवाका प्रजाति, घाँस, फूल र आयुर्वेदिक औषधिको विरुवा उत्पादन

तथा वितरण गर्नुका साथै यस क्षेत्रमा खोज तथा अनुसन्धान गर्ने कार्य गर्दै आएको छ । बिउको लेभलिङ तथा प्रशोधन गरी बिउ भण्डारण गर्ने छुट्टै व्यवस्था गरिएको छ । विशेषगरी तग्दा र आमबारी प्रजातिको चिया पनि यहाँ उत्पादन गरि बिक्री वितरण गर्दै आएको छ । यहाँ उत्पादन हुने चिया विशेष गरी बाहिर देशमा बिक्री हुने कुरा हामीले जानकारी पायौं । आरुबखडा, आरु, आल्चा, विवि, एभोकाडो, ड्रागन फ्रुट लगायत अन्य फलफुलहरुमा पनि अध्ययन तथा विश्लेषण गर्दै आएको छ । यी फलफुलहरु उत्पादन तथा बिक्री वितरण पनि हुँदै आएको छ ।

कर्मचारी आवसा, कार्यालय, प्याथोलोजी, साइन्स ल्याब, गेष्ट हाउस, हल, होस्टेल, लाइब्रेरी तथा ट्रेनिङ्ग सेन्टरका लागि छुट्टा छुट्टै भवनको व्यवस्था गरिएको रहेछ । कुल १८४० रोपनी क्षेत्रफलमा फैलिएको यस अनुसन्धान केन्द्रमा खेतिपाती तथा पशुपालन उत्पादन तथा अनुसन्धानका लागि २०० रोपनी, फलफुल बगैंचा १२० रोपनी, भवन तथा बाटाहरु २०० रोपनी, जङ्गल तथा चरन क्षेत्र १३२० रोपनी रहेको छ । यसका साथै मौसमको मापन तथा विश्लेषण गर्नका लागि विभिन्न उपकरणहरु पनि जडान गरिएको रहेछ । जसअन्तर्गत सुर्यादय र सुर्यास्त मापन गर्न सनसाइन रेकर्डर, कति मि.लि. पानी पऱ्यो भनि मापन गर्न रेनजर्ग र अटोमेटिक रेजर्ग, हावाको दिशा र वेग पत्ता लगाउन विन्ड वेन र एनोमिटर, तापक्रम मापन गर्न स्टिभेन्स बक्स, माटोको तापक्रम मापन गर्न सोइल टेम्प्रेचर थर्मोमिटर, पानीको बाष्पीकरण मापन गर्न इभापोरियो मिटर जस्ता उपकारणहरु जनान गरिएको रहेछ । जसले मौसममा हुने पल पलको जानकारी प्रदान गर्दछ । यी सबै कुराहरुको जानकारी लिइसकेपछि सम्झनास्वरुप केही तस्वीरहरु लियौं र त्यहाँबाट फर्कनका लागि बिदा माग्यौं । शनिबार छुट्टिको दिन कार्यालय खेल्नुपरेको र हामीलाई सहजीकरण गरि दिएबापत केही पैसा दिनुपर्ने जानकारी कर्मचारीले गराउनु भयो र सोही बमोजिम केही रकम उहाँलाई दिएर हामी फर्कन अघि बढ्यौं ।

फर्कने क्रममा बाटो कै छेऊमा भएकाले धनकुटा क्याम्पस परेका कारण क्याम्पसको स्थलगत भ्रमण गर्ने उद्देश्यले हामी त्यही उत्रियौं । माथिल्लो बाटोबाट क्याम्पस परिसरमा पसेर तल्लो बाटोमा पुगिने भएकाले हाम्रो बस तल गएर रोकिने भयो । धनकुटा बहुमुखी पुर्वाञ्चलको एक मात्र परानो र ठूलो क्याम्पस हो । जुन वि.सं. २०१२ मा स्थापना भएको थियो । यो क्याम्पस धनकुटा नगरपालिका वडा नं. ६ मा अवस्थित छ । भीरगाउँका स्थानीय भक्त बहादुर बस्नेतले यस क्याम्पसका लागि जग्गा प्रदान गर्नुभएको थियो । धनकुटा, झापामा गरि यस कयाम्पसको जम्मा १०० एकड जमिन छ । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस कलेजमा शिक्षाशास्त्र, समाजशास्त्र तथा मानविकी, विज्ञान तथा प्रविधि र व्यवस्थापन संकायहरु छन् । विद्यार्थी आवास, कर्मचारी तथा शिक्षक आवास, ल्याब, लाइब्रेरी लगायतका सेवा सुविधाहरु भएको यस क्याम्पसमा विद्यार्थीहरुको अकर्षण हाल केही घट्दै गएको भएता पनि प्रशस्त विद्यार्थीहरु यहाँ अध्ययन गरिरहेका छन् । सबै संकालयका लागि छुट्टा छुट्टै ब्लकको व्यवस्था गरिएको छ । शत प्रतिशत छात्रवृत्ति तथा स-शुल्क अध्ययन गर्न सकिने भएकोले पनि विद्यार्थीको आकर्षण यस क्याम्पसमा बढी देखिन्छ । यस क्याम्पसमा पुर्वाञ्चलका विभिन्न जिल्लाहरुबाट लोकसेवाका परीक्षाहरु दिन पनि मानिसहरु आउँछन् ।

क्याम्पसको स्थलगत भ्रमण पछि हामी पुनः आफ्नो गन्तव्यतर्फ लाग्यौं । करिब बेलुकाको ६ बजे हामी इटहरी आइपुग्यौं । हिन्दु धर्मावलम्बीहरुमा पनि विशेष गरी प्रणामीहरुम बढी प्रसिद्ध रहेको मुक्तिधाममा प्रवेश गर्यौं । साँझको बत्ति बालेर सबैतिर झलमल्ल भएका विभिन्न प्रतिमा तथा मूर्तिहरुको दृश्यले सबैको मनमा आनन्द अनुभूति भयो । मुक्ति धामको दर्शनपछि इटहरी नै खाजा खाने निर्णय गरी खाजा खायौं र अघि बढ्यौं । इटहरीबाट करिब २ घण्टाको यात्रापछि हामी

पुलचोक बुधबारे आइपुग्यौं । साथीहरुसँग बिदा मागेर हामी सबै आ-आफ्नो घरतिर लाग्यौं र यसरी हाम्रो भ्रमण सम्पन्न भयो ।

निष्कर्ष र सुझाव:

कृषि अनुसन्धान केन्द्र, पाख्रीबासको शैक्षिक भ्रमण हाम्रा लागि एकदमै फाइदाजनक साबित भयो । हामीले यस भ्रमणबाट विभिन्न कुरामा ज्ञान प्राप्त गर्न सक्यौं । कृषि अनुसन्धान केन्द्र पाख्रीबास शैक्षिक आर्थिक अनुसन्धानत्मक दृष्टिले निकै महत्त्वपूर्ण क्षेत्र हो । प्रचारप्रसारको कमीका कारण यो क्षेत्र ओझेलमा रहेको छ । यसबाट अझ धेरै फाइदा लिनका लागि यो राष्ट्रिय स्तरमा नै प्रचार प्रसार हुनुपर्ने आवश्यकता देखिन्छ । जसले बढी भन्दा बढी कृषकहरुलाई फाइदा हुने देखिन्छ । अनुसन्धान केन्द्रमा बढी जस्तो विद्यार्थीहरु भ्रमणका लागि आउने हुनाले केन्द्रको शुल्क सहुलियत राख्नुपर्ने देखिन्छ । जसले विद्यार्थीहरु सहजै त्यस क्षेत्रको भ्रमण गर्न सकुन् । स्थलगत भ्रमणबाट विद्यार्थीहरुले धेरै ज्ञान हासिल गर्ने भएकाले यस्तै अन्य भ्रमणहरु पनि आयोजना गर्दै जानुपर्दछ । जसले गर्दा विद्यार्थीहरु सिकाइमा उत्प्रेरित र आकर्षित रहन्छन् ।

धन्यवाद !

मितिः २०८१।०५।१५

प्रतिवेदक
बी.एड. तेस्रो वर्ष